**Informal Sector Service Centre (INSEC)**
www.inseconline.org
For Human Rights and Social Justice

| नेपाल भूकम्प २०७२ अपडेट : ३७औं दिन<br>मिति : ०७२ जेठ १७<br>अन्तिम अपडेट : २२:०० बजे | मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)<br>मृतक : ८,६९९<br>घाइते : २२,२१६ |
|---|---|

## भूकम्पको एक महिनापछि विद्यालय सञ्चालन

वैशाख १२ गतेको विनाशकारी भूकम्पका कारण एक महिनासम्म बन्द विद्यालय जेठ १७ गतेबाट खुल्न सुरु भएका छन् । भूकम्पबाट प्रभावित जिल्लाका विद्यालयहरूका कक्षाभित्र पसेर पढ्न सक्ने पूर्ण वातावरण नबने पनि विभिन्न क्रियाकलापहरूमा विद्यार्थीहरू सहभागी भएका छन् । शिक्षा विभागले हरियो स्टिकर लागेको विद्यालय भवनहरूमा मात्र विद्यार्थी राख्न सबैलाई आग्रह समेत गरेको छ । विद्यालय खुल्दै गएपछि अवस्था विस्तारै सहज बन्दै जाने विद्यालयका शिक्षकहरूको भनाई रहेको छ । कतिपय विद्यालयले कक्षा सञ्चालन गर्नु पुर्व अभिभावकहरूसँग समेत छलफल गर्ने गरेका छन् भने विद्यार्थीहरूलाई मनोपरामर्श र भूकम्पको त्रास मेटाउनका लागि विभिन्न मनोरञ्जनात्मक गतिविधिहरू सञ्चालन गरेका छन् ।

विद्यालय खुलेको पहिलो दिन सिन्धुपाल्चोकका विद्यालयमा २५ प्रतिशत मात्र विद्यार्थी उपस्थित भएका छन् । मकवानपुरका चार वटा विद्यालयलाई जेठ १७ गते सञ्चालनमा नआएकोले प्रधानाध्यापकलाई शिक्षा कार्यालयले स्पष्टिकरण सोध्ने भएको छ । गोरखामा भूकम्पपछि पहिलो दिन खुलेका धेरैजसो विद्यालयमा आधाआधी संख्यामा पनि विद्यार्थी उपस्थित भएनन् । जिल्ला शिक्षा कार्यालय नुवाकोटले सबै विद्यालय सञ्चालन गर्न निर्देशन दिए पनि भूकम्पले भत्केको सबै विद्यालयमा अस्थायी सिकाई केन्द्र नभएको कारण पहिलो दिन ४३ विद्यालयमात्र सञ्चालन आएका छन् ।

### उल्लेख्य

- सगरमाथाको प्रवेशद्वारको रुपमा रहेको रामेछापको चुचुरे गाविसमा रहेको शिवालय बजार भूकम्पको कारण ध्वस्त भएको छ । भूकम्पले गर्दा शिवालयबजारमा रहेका सबै घर लडेपछि त्यहाँको व्यापार व्यवसाय ठप्प भएको छ । एकै साथ बास र व्यवसाय खोसिएपछि स्थानीय समस्यामा परेका छन् ।
- भूकम्पले घरबार विहिन बनाएपछि चिसोमा बस्न बाध्य ओखलढुंगाका ७० जना भन्दा बढी सुत्केरी तथा ४ हजारभन्दा बढी गर्भवती महिला चिसोले समस्यामा परेका हुन् । निरन्तर वर्षा र हावाहुरी आउन थालेपछि पालमुनीको बसाइ कष्टकर भएको छ । चिसोले नवजात शिशुलाई जण्डिस हुने र आमाहरूमा सुन्निने समस्या देखिएको छ ।
- भूकम्प पीडितहरूलाई सरकारले अस्थायी बासस्थानको लागि १५ हजार दिने भनिएको रकम अहिलेसम्म नआएपछि सिन्धुपाल्चोकका भूकम्प पीडितहरू पर्म गरेर आफै अस्थायी टहरा बनाउन जुटेका छन् । बस्दै आएको घर भूकम्पले भत्काएपछि अहिलेसम्म पाल टाँगेर बारीको पाटामा बस्दै आएका भूकम्प पीडित छिमेकीसँग पर्म गरेर अस्थायी बास बनाउन जुटेका हुन् ।
- वैशाख १२ गतेको विनाशकारी भूकम्पका कारण पाँचवर्ष मुनिका ७० हजार बालबालिकामा कुपोषण हुने जोखिम रहेको युनिसेफले जनाएको छ । युनिसेफले जोखिममा रहेका ती बालबालिकालाई मानवीय सहायताको आवश्यकता रहेको बताएको छ । ५५ हजार मध्यम कुपोषण भएका बालबालिकाको स्वास्थ्य वृद्धि विकासका लागि थप पोषिलो खाना र हेरविचारको आवश्यकता रहेको युनिसेफको उल्लेख गरेको छ ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline